# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(शिक्षा युवा तथा खेलकुद शाखा)

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


पत्र संख्या:०७५।०७६
चलानी नं.: १६२२

१ नं.प्रदेश, नेपाल
मिति:२०७६।०१।१०

बिषय: प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।
(सूचना प्रकाशन मिति: २०७५।०१।१०)

चालु आर्थिक बर्ष ०७५/०७६ मा संघीय सरकारबाट यस कार्यालयको लागि प्राप्त सशर्त बजेट (शिक्षा) अन्तरगत नगरस्थित सामुदायिक विद्यालयहरुमा सञ्चालन गरिने तपसिल अनुसारका क्रियाकलापहरु सञ्चालन गर्न इच्छुक र शर्त बमोजिम योग्य सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र शर्तमा तोकिए बमोजिमका कागजातहरु संलग्न राखी प्रस्ताव पेश गर्न आव्हान गरिन्छ ।

तपसिल

| क्र.सं. | क्रियाकलाप | शर्तहरु |
|---|---|---|
| १ | पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण (मा.वि.) | हालसम्म कुनै किसिमका शौचालय सुविधा तथा खानेपानीको व्यवस्था नभएका विद्यालयहरु, |
| | | छात्रा शौचालयका हकमा सबै विद्यालयहरुमा छात्रा शौचालय पुऱ्याउने नीति अनुरुप एउटापनि छात्रा शौचालय नभएका विद्यालयहरु |
| | | विद्यार्थी संख्या अत्यधिक भई एकभन्दा बढी बाहिरी वातावरण सुधार तथा छात्रा शौचालयको आवश्यकता भएका विद्यालयहरु |
| २ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (मा.वि.) | विगतमा यस प्रकृतिको अनुदान नपाएको |
| | | विद्यार्थी संख्या र विद्यालयको ज्येष्ठता उच्च रहेको |
| | | विज्ञान बिषय पढाई भएका विद्यालय, प्राविधिक धार सञ्चालित विद्यालय र नमूना विद्यालयहरु |
| ३ | शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान (मा.वि.) | इन्टरनेट र विद्युतको पहुँच तथा विद्युत आपूर्ति भएका विद्यालयहरु, |
| | | मा.वि.तहमा गणित, अंग्रेजी र विज्ञान बिषय पढाइरहेको शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्नसक्ने सक्षमता र तत्परता खुल्ने बिवरण, |
| ४ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (मा.वि.) | पुस्तकालय नभएका विद्यालयहरु |
| | | गतः आ.व.मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरु |
| | | गतः आ.व.मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरु |
| | | माध्यमिक तहमा विद्यार्थी भर्ना उच्च रहेका विद्यालयहरु |
| | | पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा रहेका विद्यालयहरु |
| ५ | गणित विज्ञान र अंग्रेजी बिषयका लागि क्रियाकलापमा आधारित सामाग्री अनुदान (आ.वि.) | विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभूत तह (कक्षा ६-८) का विद्यालयहरु |
| ६ | उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरण तथा कार्य सम्पादनमा आधारित अनुदान (मा.वि.) | विद्यालय अनुदान व्यवस्थापन निर्देशिका,२०७४ मा उल्लेखित कार्य सम्पादन मूल्यांङ्कन सूचकका आधारमा प्रस्ताव पेश गर्नुपर्ने, (प्रस्तावको मूल्यांङ्कन कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा) ०७५/०७६ को अनुसूची-४ बमोजिम हुने), |
| | | शिक्षण सिकाई समयमापन कार्यविधि लागु गरेको सुनिश्चितता हुनुपर्ने, |
| | | कार्य सम्पादनमा आधारित अनुदान दिंदा कुनै विद्यालयलाई दोहोरो पर्ने गरी अनुदान दिइने छैन । |

.........................
भोजराज खतिवडा

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत